# समाज, साहित्य र ललितकला

तेजविलास अधिकारी
उपप्राध्यापक, वाल्मिकी क्याम्पस, काठमाडौं
tejkamere@gmail.com

## लेखसार

*प्रस्तुत लेखमा समाज, साहित्य र ललितकलाको परिचयका साथै आपसी सम्बन्धका विविध आयाम प्रस्तुत गरिएको छ । समाज विकासको प्रक्रियामा मानव भावनाको अभिव्यक्तिले स्थान पायो । मानिस आफ्नो भावनालाई केवल आफूमा मात्र सीमित राख्न सक्दैन । मानव अभिव्यक्तिको साधन भाषाको प्रयोग गर्दै सजिलो जीवनयात्राको मार्ग खोज्दै हिँड्यो । उसले अपनाएको मार्ग कष्टकर थियो तर असम्भव भने थिएन । मानिसले तय गरेको यात्राको लयको माध्यम मूलतः कला हो । भाषाको स्रोत सोच मात्र होइन वस्तु पनि हो । वस्तुको निर्माण आवश्यकताको सिद्धान्तमा आधारित हुन्छ । यस कोणबाट हेर्दा भाषा, वस्तु निर्माणले समाजको सन्दर्भलाई जोड्दै लग्यो । बाँच्ने कला निर्माण गर्दै जाँदा निर्मित वस्तुहरूको नामकरण गरियो । यसका साथै वस्तुको मौलिक विधि र सामग्रीको खोजीको पक्ष पनि महत्वपूर्ण बन्यो । यस हिसाबले समाजको निर्माणमा भाषाले अभिव्यक्तिको माध्यम बनेर अनि कलाले जीविकोपार्जनको आधारभूत पक्ष बनेर सघाएको छ । यही कोणबाट हेर्दा समाजको भाषा निर्माणमा मान्छेद्वारा निर्मित वस्तुको स्थान र वस्तुले भाषाको शब्दभण्डार निर्माण र कलात्मक अभिव्यक्तिको पाटोमा दोहोरै सघाएको देखिन्छ । त्यसैले कला के हो ? कला कुन प्रयोजनका लागि अनि कलाले साहित्य र साहित्यले कलालाई कसरी समेट्छ भन्ने जिज्ञासामा आधारित भई सिङ्गो समाज निर्माणमा कला, साहित्य र समाजभित्र कला साहित्यको स्थान कस्तो छ भन्ने यस लेखको निष्कर्ष रहेको छ ।*

## शब्दकुञ्जी

हस्तकला, संस्कृति, लोकभाषा, समाज निर्माण, मनोचिकित्सा ।

## विषय परिचय

समाज, साहित्य र ललितकला एक आपसमा अन्तःसम्बन्धित विषय हो । समाज निर्माण हुनु पूर्व ललितकलाको विकास भएको हो । ललितकला समाज निर्माणको आधार हो । समाज निर्माणसँगै साहित्यको पनि विकास भयो । लिखित साहित्य र कलाको इतिहास छोटो होला तर मौखिक साहित्य भाषाको विकाससँगै जन्मिएकोमा दुईमत छैन ।

आदिम कालदेखि आधुनिक कालसम्मको यात्रामा मान्छे चेतनाको क्रमशः विकासयात्रामा रहेको छ ।उसले घरसारका लागि उपयोगी वस्तु उत्पादन मात्र गरेन उसले त त्यसको व्यवस्थापनको पक्षमा चाहिने राखनधरनका सामग्रीको निर्माण पनि गर्‍यो । ओढारबाट निस्किएर घरको निर्माण गर्दा होस् वा पातमा खाने मान्छे टपरीमा रमाउँदा होस् उसले गरेका मौलिक विकासको यात्रा सामान्य जस्तो लागे पनि विशेष रहेको छ । मान्छेले निर्माण गरेका कला नै ललितकलाको विषय हो। एकातिर उपयोगी कलाको सन्दर्भ छ भने अर्कोतर्फ सौन्दर्यकलाको सन्दर्भ रहेको छ । मान्छेले प्रयोग गर्ने सामान र मान्छेले उपयोग गर्ने वस्तुको उचित विन्यास परापूर्वदेखि नै क्षेत्र, जाति विशेषको छ । परम्परागत रूपमा एक पुस्तापछि आफ्ना उत्तराधिकारीलाई पुर्खाले सीप हस्तान्तरण गर्दै आइरहेका छन् ।उतिबेला आज जस्तो विद्यालय र विश्वविद्यालय वा घोषित शैक्षिक संस्थाले प्रमाणपत्रधारीहरू उत्पादन गर्ने काम हुँदैनथ्यो । आफ्ना लागि वस्तु उत्पादन गर्ने र प्रयोग गर्ने आफ्नै मौलिक सभ्यता जति पुरानो छ त्यति यसको अध्ययन रोचक छ । यही पृष्ठभूमिमा एकातिर ललितकला हाम्रो समाजको परिचायक बनेको छ भने अर्कोतर्फ ललितकलाभित्रको ललित (लोक र लिखित) साहित्य पनि आज समाजको पर्याय बनिसकेको छ । यसै सन्दर्भमा थुप्रै विद्वानहरूले समाजको छुट्टै, कलाको छुट्टै र साहित्यको छुट्टै व्याख्या विश्लेषण गरिरहेको सन्दर्भमा यसलाई अन्तर सम्बन्धित गरी हेर्नु पर्ने आवश्यकता टड्कारो देखिएको छ । यही प्राज्ञिक जिज्ञासा शमन गर्नका निम्ति निम्न उद्देश्यमा आधारित भई यहाँ यो लेख तयार पारिएको छ ।

क. कला र यसका आयाम के कस्ता छन् ?

ख. कलाले समाज र साहित्यसँग कस्तो सम्बन्ध कायम गरेको छ ?

यिनै प्राज्ञिक जिज्ञासामा केन्द्रित रही यस अनुसन्धानात्मक लेखमा कला–साहित्य र समाजको विविध आयायसँग सम्बन्धित भई वस्तुगत निष्कर्ष निकाल्ने मूल उद्देश्य लिइएको छ ।

## अध्ययनको विधि

समालोचनाको क्षेत्रमा पछिल्लो समयमा विकसित अध्ययन पद्धतिको रूपमा कला–साहित्य र समाजको अन्तरसम्बन्धलाई लिन सकिन्छ । यस अध्ययनसँग सम्बन्धित आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन गर्न पुस्तकालय सामग्री सङ्कलन विधिलाई नै आधार

बनाइएको छ । यस अध्ययनमा विभिन्न विद्वान् समालोचकहरूले गरेका अध्ययन र निकालेको निष्कर्षलाई नै विश्लेषणात्मक अध्ययनको सामग्री मानिएको छ । यस अध्ययनमा स्पष्ट अध्ययन विधिको स्वरूप अभावमा अन्तरविषयक र प्रायोगिक पक्षलाई बढी प्रयोगमा ल्याइएको छ । यो अध्ययन विश्लेषणात्मक प्रकारको रहेको छ ।

# सैद्धान्तिक पर्याधार र सान्दर्भिक विश्लेषण

## १. कला के हो ?

कलालाई विविध हिसाबले चर्चा र परिभाषा दिने गरेको पाइन्छ । 'कला' संस्कृत भाषाको शब्द हो अनि यसको व्युत्पत्ति यस प्रकार हुन आउँछ– कं आनन्द लाति इति कला अर्थात् जसले आनन्द प्रदान गर्दछ, त्यही कला हो (बराल २०५५, पृ. ८८६) । पश्चिममा सौन्दर्य कला एवं साहित्यबारे विभिन्न समयमा थुप्रै विद्वानहरूले विशद् विवेचना गरेका छन् । प्लेटो, अरिष्टोटल जस्ता चिन्तकहरूको विचारको प्रभाव लामो समयसम्म परेको र पछिसम्म पनि त्यस विषयले छलफलमा निरन्तरता पाएको देखिन्छ । उन्नाइसौं शताब्दीतिर उपयोगी कला र ललित कला भनेर कलालाई प्रमुख दुई वर्गमा विभाजन गरियो । साहित्य पनि ललितकलाभित्रै समाविष्ट भएको कला हो ।

## २. कलाको प्रकार र प्रयोग क्षेत्र

मनुष्य बाह्य वा अन्तर्प्रकृतिले प्रभावित भई त्यस प्रभावलाई अरूसम्म पनि पुर्‍याउने चेष्टा गर्छ । त्यही क्रममा उसले अपनाउने साधन नै कला हो । कलाको साधन यसै साध्यको विभिन्नताको आधारमा ६४, १६ अथवा त्यसभन्दा पनि स्थूल रूपमा ५ भागमा बाँडिएका छन्।

क) वास्तु या स्थापत्य (Architecture)

ख) मूर्ति (Sculpture)

ग) चित्र (Painting)

घ) नृत्यसहित सङ्गीत (Music with Dance)

ङ) साहित्य (Literature)

मानव सभ्यताको एउटा सजीव पाटोका रूपमा वास्तुकलालाई मान्न सकिन्छ । "**वास्तु या स्थापत्यमा उपयोगिताको पक्ष बलियो छ** " **(शर्मा २०१४, ११)** । यो आदर्श पक्षभन्दा व्यवहारसँग नजिक हुन्छ । वास्तुको मूल अभिप्रायः बसोबास भएकाले स्थान, जाति, आर्थिक

स्थितिअनुरूप मानिसले वास्तु निर्माण गरी उपयोगमा ल्याउने गर्दछन् । तथापि धार्मिक विश्वास, चलन–प्रचलन, शासकीय चेत वा प्रतिभाशाली कालिगढको क्षमता र योग्यताले दार्शनिक वा आध्यात्मिक पृष्ठभूमिमा विश्वमा विविध खालका वास्तु निर्माण भएको देख्न सकिन्छ । विश्वमा वास्तुको चर्चा हुँदा नेपाली वास्तु कलाको पनि चर्चा हुने र प्रशंसा हुने गर्दछ । वास्तुकलामा संरचनाको मात्र पक्ष महत्त्वपूर्ण नभई निर्माण गर्न प्रयोग हुने सामग्री त्यस सामग्रीको सुलभता र पर्यावरणीय पक्ष समेत विशेष ध्यान दिनुपर्ने विषय हो । ईट, चुन ढुङ्गा–माटो, काठ–पात, सुन–चाँदी, चन्दन वा हस्ती हाडको प्रयोग तथा कलाकारले निर्माण प्रक्रियामा प्रयोग गर्ने ज्याभल आदिको भूमिका पनि निर्णायक हुन्छ । कालमोचन मन्दिर, भीमसेन थापाको पालामा निर्मित ‘धरहरा’, स्वयम्भू चैत्य, हनुमानढोका, पशुपतिनाथको मन्दिर, सिंहदरबार आदि नेपालको वास्तुकलाका महत्वपूर्ण नमूनाहरू हुन् ।

**मूर्तिलाई समाजको ऐतिहासिक प्रतिवम्बको रूपमा हेर्न सकिन्छ** । मूलतः प्रतिभाशाली कलाकारले नवीन सोचलाई एउटा आकार दिएर तयार गरेको स्वरूपलाई नै मूर्ति भन्न सकिन्छ । त्यस कलाकारको सोचको अवस्था उसले बाँचेको समाजको व्यवहार, शासकीय स्वरूप वा जातिअनुरूपको संस्कृति पनि मूर्तिकलाको जरो हो भन्न सकिन्छ । मूर्तिकलामा पछिल्ला दिनमा आधुनिक निर्माण सामग्रीको पर्याप्तता र प्रयोग पक्षलाई पनि ध्यान दिन थालिएको छ । प्राचीन समयमा ढुङ्गामा वा ढुङ्गाबाट तय हुने आकृति नै मूर्तिकलाका उत्कृष्ट नमुना मानिन्थ्यो । अर्थात् त्यो उत्कृष्टताका लागि निर्माण गरियो वा स्मरणका कारणले भन्न अझै गाह्रो छ । सभ्यताको आदिकालदेखि आजको विश्व शासन व्यवस्थालाई हेर्दा शक्तिशाली शासक, शक्तिपीठ वा पूर्वजको स्मरणमा मूर्तिको निर्माण भएको पाइन्छ । गिजेको पिरामीड, भिनसको मूर्ति, स्वर्गको राजा जुपिटरको मूर्तिले फरक–फरक सौन्दर्य र अस्तित्वको विषयलाई बुझाउँछ । मूर्तिकलामा पर्यावरणीय प्रभावलाई महत्वपूर्ण पक्ष मानिन्छ ।

**चित्रलाई महाकवि ‘शेली’ले मौन कविता भनेका छन्** । मूलतः कलाको आत्मा भनेको अभिव्यक्ति नै हो । रङ् र रेखाको समिश्रण र सन्तुलन नै चित्र मानिन्छ । चित्र बन्नका निम्ति पनि आकारप्रकाररूपी संरचना चाहिन्छ । ललितकलाको यो पाटोलाई प्राचीनकालदेखि महत्व दिँदै आइएको छ । चित्र मूलतः स्थुल नहुने भएकाले पनि यसको महत्व कम भएझैं मानिन्छ । भाषाको लिपि पनि एक खालको चित्र स्वरूप नै हो ।

यसको अतिरिक्त चित्रसँग बाह्य वा अन्तर्य अर्थ जोडिएर आउँछ । कागत, कपडा, भित्ता आदिलाई चित्र कोर्नका लागि उपर्युक्त माध्यम मानिन्छ भने त्यसमा प्रयोग हुने रङ, कुची, किनारमा प्रयोग गरिने अनेक प्रकारका टल्कने धातु अंश आदिले चित्रको स्वरूप र अर्थ निर्धारण गर्दछ । चित्रद्वारा मानव समाज पूर्वजको स्मरण, आफ्नो वयअनुरूपको ऊर्जा आर्जन वा प्रतिनिधित्व, सामूहिकता, प्रकृतिका अन्य जीवको गतिविधि तथा कला आदि विषय अङ्कन र उद्घाटन भएको हुन्छ । चाहे मोनालिसाको चित्र होस् चाहे पृथ्वीनारायण शाह, भीमसेन थापा, भानुभक्त आचार्यको चित्र चित्रले सौन्दर्यबोध र अस्तित्वबोध दुवै गराउँछ ।

**सङ्गीत, कला भाषाको उत्पत्तिभन्दा पहिले नै भएको हो भन्ने भाषाविद्हरूको मत रहेको छ** । वैदिककालमा अध्ययन सूक्ष्म रूपमा गर्ने हो भने वेद भनेकै कलाको रूप हो । वेदमा गायन, नृत्य, वाद्यकलाको प्रयोग र चर्चा भएको छ । भरतमूनिको नाट्यशास्त्रले नृत्य र अभिनयसहितको सङ्गीतको सङ्गति खोजेको भेटिन्छ । वैदिककालमै लालित्यपूर्ण छन्द शास्त्रको निर्माण भैसकेको थियो । (शर्मा, २०१४ : ७०) पछिल्ला शासकहरूले समेत पहिलाका राजा–महाराजाको दरबारमा हुने महफिललाई कुनै न कुनै रूपमा प्रयोगमा ल्याएको बुझ्न सकिन्छ । यसका अतिरिक्त सङ्गीत–नृत्य कलालाई प्राचीनकालदेखि हालसम्म अविछिन्न रूपमा योग साधनाको विषयको रूपमा पनि हेर्ने गरिन्छ । एकातिर यो मनोरञ्जन प्रदान गर्ने पक्ष हो भने अर्कोतर्फ मानिसको मानसिक र भौतिक शरीरलाई सन्तुलन कायम गर्ने माध्यम बनेको देखिन्छ । सङ्गीतका वाद्यवादन यन्त्र, निर्माणका लागि कच्चा पदार्थ निर्माण सीप र प्रयोग पक्ष स्वयम्मा कलाको एउटा शृङ्खलाबद्ध यात्रा हो । सङ्गीत शास्त्र स्वयम्मा छन्दशास्त्र नै हो । मौखिकबाट लिखित बन्दै गएपछि हरेक शास्त्रले विधाको रूप धारणा गरेको अवस्थामा यो साहित्य शास्त्रसँग नजिक रहेको छ ।

**साहित्य भन्नेबित्तिकै हामी शब्द र अर्थको सहभाव भन्ने बुझ्दछौं**। अङ्ग्रेजी साहित्यको निम्ति प्रयोग भएको लिटरेचर शब्द ल्याटिन भाषाको 'लिटेरा' (Littera) बाट बनेको हो । ल्याटिनमा 'लिटरा'को अर्थ वर्णमालाको अक्षर (a letter of alphabet) हुन्छ । पश्चिमेली परम्परालाई हेर्दा 'साहित्य' शब्दको प्रयोग दुई अर्थमा हुँदै आएको देखिन्छ । सामान्य अर्थमा लिखित वाङ्मयलाई बझ्ाउँछ । विशेष अर्थमा भने 'साहित्यिक शैली'का लिखित र मौखिक सामग्री भन्ने बुझिन्छ ।

हड्सन महोदयले भाषाको माध्यमबाट जीवनको अभिव्यक्ति नै साहित्य हो भनेका छन् । यसैगरी पूर्वीय आचार्य जगन्नाथले रमणीय अर्थ प्रदान गर्ने शब्द नै साहित्य मानेका

छन् । साहित्यको विधा, सिद्धान्त, विषय क्षेत्र र प्रतिभाको संयोजन वा प्रस्तुतिबाट नै समाजको विषयवस्तु कलात्मक रूपमा लिखित र श्रव्यदृश्य परम्पराबाट स्थापित भएको हुन्छ ।

## ३. साहित्य र कलाको सम्बन्ध

पूर्वीय दृष्टिकोणमा साहित्य, सङ्गीत र कलालाई भिन्न–भिन्न मान्ने प्रचलन रहेको पाइन्छ । 'साहित्य, सङ्गीत र कलाले रहित व्यक्ति पुच्छर र सिङविनाको साँच्चै पशु हो' भन्ने विषयले गम्भीर अर्थ बोकेको छ अन्ततः साहित्य, सङ्गीत र कला समाजको उत्पादन हो । त्यसैले साहित्य र कला एकअर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको विषय हो । साहित्यका प्रयोजनहरूमध्ये परम आनन्द दिनु प्रमुख भएकाले यसलाई पनि कलाको रूपमा गणना गर्नु समीचीन देखिन्छ । (बराल, २०५५, पृ. ५) साहित्यलाई कलाको रूपमा बुझ्ने र कलालाई साहित्य माध्यम उतार्ने विषयमा पश्चिमी जगत् परिष्कृत ठहर्दछ । कलाको जर्मन पर्यायवाची शब्द वर्टकुन्स्टको अभिप्रायः हो धैर्यपूर्ण अभ्यासद्वारा सिद्ध हुने कुशलता वा योग्यता (बराल, २०५५, पृ. ८८६) । साहित्य जीवन नभएर जीवन जस्तो हो । अर्को शब्दमा केही हदसम्म जीवनभन्दा पनि उत्तम हुन्छ किनभने यो कलापूर्ण हुन्छ । पूर्वीय आचार्य र पश्चिमी दार्शनिकहरूले कला र साहित्यका विषयमा धेरै लामो अध्ययन परम्परालाई जोडेका छन् । मूलतः उन्नाइसौं शताब्दीतिर आइपुग्दा कलालाई उपयोगी कला र ललितकला भनेर वर्गीकरण गरी साहित्यलाई ललितकला भित्रै समावेश गरिएकोबाट कलाको व्यापक फलकभित्र ललितकला र ललितकलाअन्तर्गत साहित्य समावेश भएको कुरा पुष्टि हुन आउँछ।

**उपयोगी कला वा कलाको प्रायोगिक भेद**

कलाको उत्पत्ति मानवीय आवश्यकताको परिपूर्तिका निम्ति भएको हो । असीमित आवश्यकतालाई सम्बोधन गर्नका निम्ति मानिसले खोज अनुसन्धान गर्दै सिर्जनामा जुट्नुको अर्को विकल्प छैन । पूर्वीय दर्शनमा चौसठ्ठी कलामध्ये कतिपय सीप अभिव्यक्ति वा अभिनयसँग सम्बन्धित छन् । कतिपय कला हातका सिपसँग सम्बन्धित रहेका छन् । त्यसलाई ललितकला भित्र पनि हस्तकलाको नाम दिइन्छ । दैनिक जीवनमा उपयोगमा आउने सामग्रीमा कलाको प्रयोग गरिएको हुन्छ । जस्तैः फर्निचर डिजाइन, टेक्सटाइल, ज्वेलरी, ग्राफिक डिजाइन, फेसन डिजाइन, औद्योगिक कला, हस्तकलालगायत उपयोगी कलाभित्र पर्छन् । सिपको प्रयोग हुने अभिव्यक्ति भएकाले कलालाई शिल्पकला सुन्दर हुने भएकाले ललितकला र हातले निर्माण गरिने कला भएकाले ललितकला शब्दको प्रयोगद्वारा कलाको व्यावहारिक पक्षलाई उपयोगी कलाको रूपमा नामकरण गरिएको छ ।

## कलाभित्र संस्कृतिको पाटा

कला संस्कृतिको पर्याय हो । परम्पराका रूपमा एक पुस्ता पछि अर्को पुस्ताले संरक्षण गर्दै र विकसित तुल्याउँदै कलाको जीवनचक्र चलेको छ । कलाकारले आफ्नो दैनिक आवश्यकता परिपूर्ति गर्न मन, मस्तिष्क र हातको एकसाथ प्रयोग गरेको हुन्छ । यस्तो स्थितिमा उसले निर्माण गर्ने वस्तु, त्यहाँ प्रयोग हुने सिप र त्यसमा दत्तचित्त भएर लाग्दा अभिव्यक्त हुने उच्छवासले कलाको अनुरूप मूल्य स्थापित हुन्छ । त्यो नै संस्कृतिको मूल आधार बन्न पुग्छ । भाषा, धर्म, पेशा, रहनसहन, चाडपर्व, संस्कारभित्र कला र जीवन जिउने क्रम भित्र कलात्मक निर्मितिहरू प्राप्त हुने गर्दछ । कलाभित्र एउटा निर्माणको संस्कृति छ भने अर्कोतर्फ अभिव्यक्तिको संस्कृति छ । निर्माणको संस्कृति उपयोगी कला हो भने अभिव्यक्तिको संस्कृति ललितकला हो । जहाँ जीवनका लागि चाहिने वस्तुको खोजी हुन्छ । वस्तु प्राप्ति वा निर्माण मात्र पूर्णताको पाटो बन्दैन; त्यसले मनोरञ्जन र सिर्जनाको माध्यमबाट मनोचिकित्सा अर्थात् चिन्तन र मननको तहमा पनि पु¥याउँछ । यसैले लिखित साहित्य र मौखिक साहित्य भित्रका अनेकौं विषयले कलालाई प्रभाव पारेको हुन्छ । कलाले लिखित र मौखिक साहित्यलाई प्रभावित पारेको तथ्य विश्व साहित्य र संस्कृतिको पाटोमा राम्ररी देख्न सकिन्छ ।

कलामार्फत् साहित्य र साहित्यमार्फत् कलाको प्रकटीकरण हुने गर्दछ । सिङ्गो लिखित वाङ्मयमा कलाको प्रभाव र कलामा साहित्यको प्रभावले यी दुई पक्ष एकअर्कामा अन्योन्याश्रित विषय हुन् भन्ने प्रमाण हाम्रो जीवनशैली बनेका लोक भजन, लोक गीत, लोक नृत्य तथा लोक कथाले कहने गरेको पाइन्छ ।

## कलाले समात्ने मूर्त र अमूर्त संस्कृतिको पाटो

कलाले मूर्त संस्कार, संस्कृतिको मात्र प्रतिनिधित्व गर्दैन । यसले कालान्तरमा अमूर्त संस्कृतिको स्थापना गरि छाड्छ । मान्छेद्वारा निर्मित पानी पँधेरो, मठ–मन्दिर, चैत्य, गुम्बा, मस्जिद जस्ता विषय मात्र नभएर पाटी–पौवा, धर्मशाला जस्ता जीवनसँग जोडिएका विषयले लोभ–त्याग, पाप–धर्म, स्वर्ग–नर्क जस्ता अनेक विषयको स्थापना समाजमा गरिदिएको छ । हाम्रो कला र संस्कृति भनेको शिक्षित र सभ्य भनिएका मान्छेको मात्र पेवा होइन । यो त सबै वर्ग, सबै जाति, सबै क्षेत्र, सबै धर्म सम्प्रदायले सहभागी बन्दै अपनत्व महसुस गरेको विषय हो । अमूर्त संस्कृति जसरी हाम्रो समाज गहिरो गरी जरा गाडेर बसेको छ त्यसले परम्पराको अध्ययनको पाटोलाई मात्र मद्दत पुर्याउँदैन यसले त वर्तमानमा के कस्ता रुढिहरू हटाउन जरुरी छ भन्ने विषयलाई उद्घाटन गर्न पनि सघाउँछ ।

नेपाली समाजलाई मसिनो ढङ्गले हेर्ने हो भने एउटा जातिको चालचलन संस्कारले त्यो जातिसँग सम्बन्धित उत्पादन सम्बन्ध र अर्थ व्यवस्थाको निर्धारण गरेको देखिन्छ । सामान्य हिसाबले हेर्दा गाईजात्रा पर्वसँग धेरै कुरा जोडिएर आउँछ । गाईजात्राको बेला

लगाउने पोशाक, मुखुन्डो, हम्कने पङ्खा, खाने परिकार, गरिने प्रदर्शन, विधि–शास्त्र जस्ता विषय ललितकलाको पक्षसँग सम्बन्धित रहेको छ । त्यस्तै गरी तामाङ, गुरुङ समुदायले पर्व विशेषमा बनाउने परिकार विशेष, लगाउने सांस्कृतिक पोशाक आदिमा कलाको मौलिक परम्परा साथै अर्थतन्त्रको पाटोको खोजी गर्न सकिन्छ । त्यसैले समाजलाई दिशाबेध गर्न र संस्कृति निर्माणमा कलाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## ४. हस्तकला : साहित्य र समाज निर्माणको आधार

हस्तकला लोककलाको पर्याय हो। हस्तकला मानव जीवनका विविध पक्षसँग सम्बन्धित रहेको छ । मानिसले जीवनयापनका क्रममा एकपछि अर्को अन्वेषण गर्दै गयो । आदिमानवले ढुङ्गालाई आफ्नो अनुकूल हतियारका रूपमा स्वतः प्रयोग गर्‍यो । उसले बाँसको धनुकाँड निर्माण गर्दै शिकार खेल्यो । ढुङ्गाका मसिना उपयोगी टुक्रालाई चराचुरुङ्गी मार्न प्रयोग गर्‍यो । स्वादका लागि भन्दा पनि बाँच्नका लागि शिकार गर्‍यो । बोट वृक्षमा फलेका फल झार्न वा फोर्न पनि झटारो र ढुङ्गाको प्रयोग गर्‍यो । आदिमानवले निर्माण र प्रयोग गरेका पुरापाषाण कालदेखि नवपाषाण कालसम्मको अवधिका विभिन्न चरणहरूले ढुङ्गे संस्कृतिका प्रमाणहरू प्राप्त गर्न सकिन्छ ।

पुर्खाहरूले आफ्नै आवश्यकताको आधारमा मौलिक कला निर्माण गर्दै आफ्नो अनुभवबाट प्राप्त गरेको ज्ञान, सिप र क्षमता विस्तार गर्दै गए । मान्छेले आफ्नो सोच र सिर्जनामा विकास गर्दै आफूलाई जोगाउँदै–बचाउँदै र आफ्ना नजिककालाई पनि संरक्षण गर्दै गाँस, बास र पछि कपासको व्यवस्था गर्दै आयो । पुर्खाले छोडेर गएका ज्ञान र सिपलाई मानिसले आवश्यकता अनुकूल परिमार्जन गर्दै त्यसमा आत्मनिर्भरताको पक्षसमेत बलियो बनाउँदै जाने बाटो देखाएकै हो । मानिस आफ्नो आदत विवेकले फेर्दै र विकसित हुँदै आएको छ । मान्छे पछिल्लो समय तर्कशक्तिका माध्यमबाट आफूलाई बौद्धिक कायम गर्न खटिरहेको छ । तर्कशक्तिले बाँच्ने उपक्रममा उसले बल, शक्तिलाई सीप शक्तिमा बदल्यो त्यही नै हस्तकला बन्यो । त्यसैलाई नै नेपाली समाजमा हामी हस्तकलाको रूपमा चिन्दछौं । हस्तकला मानिसको सीप र बलको संयोजन हो । वस्तुलाई आफ्नो अनुकूल प्रयोग गर्न मानिसले प्रयोग गरेको बल जब सीपमा ढाल्यो तब ऊ जीवन सुरक्षित महसुस गर्न सफल बन्यो ।

लोक साहित्यमा होस् वा लिखित साहित्यमा नेपाली संस्कृतिका विविध पक्षलाई हस्तकलाले मार्गनिर्देश गरेको देख्न सकिन्छ । प्रथमतः मानिसले पेट भर्न गरेको प्रयास उपयोगी हुँदै गएपछि उसले बासका लागि पनि प्रयोग गर्न सक्यो । कपास वा लगाउने, ओढ्ने, ओछ्याउने सामग्री पनि तयार गर्न सक्यो । मुद्राको इतिहास होस् वा हातहतियारको इतिहास यो मूलतः हस्तकलाको लिखित यात्रा नै हो । एकातिर नेपालको परिचय अरनिकोसँग जोडिएको छ भने अर्कोतर्फ नेपाली जातिले विकास गरेको आफ्नै मौलिक बाजा, घर निर्माणकला, आदिलाई हेर्दा यो हस्तकला र अन्य कलाको उच्च र परिष्कृत

यात्रातर्फ अगाडि बढिरहेको छ । यसरी हेर्दा हस्तकलालाई नेपाली संस्कृतिको पर्याय वा ढुकढुकी भन्न सकिन्छ ।

## हस्तकला र साहित्य

लिखित साहित्य र लोकसाहित्यलाई हेर्ने हो भने यसैमा निकै ठूलो अनुसन्धानहरू हुन सक्छन्, गर्न जरुरी देखिन्छ । लोक जीवनको विशेषता लोकमा नै खोज्नुपर्छ । मानव बस्तीले आफूलाई आवश्यक पर्ने वस्तु आफै उत्पादन गर्ने र त्यो निर्माणको प्रक्रियामा स्थानीय स्रोत र सामग्रीको सही उपयोग हुने विषयका केही उदाहरण तल देख्न सकिन्छ;

'आफूचाहिँ सेतो छ, कालो कोट लाउँछ, रातो पानी खान्छ' – खुकुरी
'सानी–सानी नानीको घ्याम्पा जत्रो पेट कहाँ जान्छ्यौ नानी बिरानो देश' – कलश
'चार मुख छ देउता होइन बोल्छ मान्छे होइन' – घण्टाघर
'ठूलो चौरमा लौरो गाडेको' – धरहरा
'तल पनि घ्वाइँ, माथि पनि घ्वाइँ, यति भन्न नजान्नेलाई अगुल्टोले च्वाइँ' – घट्ट
'सर्र फुकुटी, झिकेपछि सुकुटी' – जाल
'रिङ्गे–रिङ्गे पटरिङ्गे, एउटा गोरु सोह्र सिङ्गे' – चर्खा
'वनमै जन्में, वनमै हुर्कें, वनमै मेरो बास, बाह्र वर्ष जलमा डुबें अब केको आस' – डुङ्गा
'डाँडामाथि भीरमा एक थुँगो फूल' – फुली
'एकै छिनमा भाले एकै छिनमा पोथी, भाले र पोथीको यौटै कोठी' – मादल
'गोरु मरेको कैले–कैले, डुक्रन थाल्यो ऐले' – ढ्याङ्ग्रो
'ढाडभरि नसैनसो, गालाभरि मोसैमोसो' – मादल
'आफू मूढो, डाँको बडो' – बन्दुक
'आई बूढी मच्चिँदै, गई बूढी थच्चिँदै' – पीङ
'पुतली चरी गीत गाउँदै झरी' – सनाई (पराजुली, ०४७, पृ. २१४)

हवाइजहाज बनाउनुभन्दा पहिले मानिसले गरेको कल्पना शक्ति धेरै महत्त्वपूर्ण छ । समाजमा हवाइजहाज देखासिकी कलामा कागजी रकेट बनाउने मात्र नभएर हवाइजहाजलाई चिलगाडीको संज्ञा समेत दिने गरेको छ । माथिका उदाहरणहरूले नेपाली लोक जीवन, लोकसाहित्य र हस्तकलाको स्थान महत्वपूर्ण छ भन्ने प्रमाण प्रस्तुत गर्दछ। देशलाई आत्मनिर्भर बनाउन र हाम्रो परम्परा र रीतिरिवाजलाई कायम राख्न सातै प्रदेश र विशेष सांस्कृतिक क्षेत्रभित्र यसको अन्तरसम्बन्ध खोजेर बाहिर ल्याउनुपर्ने देखिन्छ ।

लोकजीवनको विशेषता आफ्नै चोखो संस्कृति हो । मानिस दुःख–सुखका अनेक क्षणमा एकैछिन बसिबियाँलो गर्दा पनि मनोरञ्जन चाहन्छन् भने वर्षभरि आउने चाडपर्व, हर्षउल्लासका दिनहरूमा प्रयोग गर्ने सामग्री जस्तै खानेकुरा, लगाउने पोशाक, आफ्नो पूर्वजहरूको सम्झनामा बनाइने मूर्ति, शालिक आदि आदि पनि आखिर कलाका नमूना नै त

हुन् । यसका आधुनिक कलाभन्दा हस्तकलाको प्रभाव र प्रयासले नै नेपालको मौलिक कलालाई बचाउन सकेको देखिन्छ ।

नेपाली हस्तकला र समग्रमा कलाले समाज र संस्कृतिको चित्र राम्ररी कोरेको छ । लोकमा प्रचलित गाउँखाने कथाका केही उदाहरण मात्रलाई हेर्दा पनि अन्य लोक साहित्य र लिखित साहित्यका विधाहरूले ललितकलाका अनेकौं पक्ष र पाटोलाई समेटेको साहित्य र साहित्यमा वर्णित कलाको खोजी गर्नु जरुरी छ । यसको अन्तर्सम्बन्धबाट नै सहयात्रा सहज बन्दछ ।

**हस्तकला र दैनिक जीवन**

लोकजीवनमा प्रयोगमा आउने बाँस प्रजातिबाट तयार हुने सामग्रीहरूलाई मात्रै हेर्ने हो भने पनि हामी हाम्रो लोकजीवनमा प्रयोगमा आउने धेरै सामग्रीमा आत्मनिर्भर हुन सक्छौं । सामान्यतः लोकजीवनमा आवश्यक पर्ने मौलिक सामग्रीले आधुनिक र अत्याधुनिक घातक बजारलाई पनि रोक्न सक्छ । हामी आधुनिक हुने नाममा कति धेरै वस्तुहरूको प्रयोग गर्छौं; र स्वास्थ्यका लागि अनुपयुक्त सामग्रीहरू प्रयोग गरिरहेका हुन्छौं ।

बाँस जन्मेदेखि बाँचुन्जेल काम दिइरहने वनस्पति हो । आकर्षक फूलदानी, मकै भुट्ने कप्टेरा, घामपानी छेक्ने टोप, सरसामान बाँध्ने । बोक्ने डोरी (चोया), नाडीमा लाउन मिल्ने चुल्ठी जे खोज्यो त्यही बनाउन सकिन्छ । (न्यौपाने, २०७४, पृ. १३) त्यसलाई उपयोगी कलाको रूपमा चर्चा गर्नु भाषा र साहित्य क्षेत्रको जिम्मेवारी पनि हो । नेपाली प्राचीन कलालाई हाम्रो सापेक्षतामा कसरी चिनाउने हो ?जनजीवनसँग कसरी यसको उपयोग बढाउने हो । कसरी हाम्रो प्राकृतिक सम्पदा, संरचनाहरू मूलतः वनजङ्गललाई जोगाउँदै त्यसबाट प्राप्त हुने पैदावारबाट के कस्ता सामग्री कसरी बनाउन सकिएला । यी आदि विषयमा हामीले मौलिक कलालाई खाद्य संस्कृतिसँग, पठन संस्कृतिसँग, यात्रा संस्कृतिसँग, जातीय संस्कृतिसँग जोड्नु जरुरी रहेको छ । परम्परादेखि प्रयोग गर्दै आएको सामग्री निर्माणको सीप पनि उदाहरणसहित भाषा माध्यम साहित्यमा उल्लेख गरी औपचारिक शिक्षाको माध्यमबाट विश्वभरि सबैसामु पुर्‍याउन सक्छौं । यसैगरी हाम्रो लोक सङ्गीतमा प्रयोग हुने टुङ्गना, सारङ्गी, मादल, ढोलक, ट्याम्को जस्ता मौलिक वाद्य साधनहरूको सङ्गीत निर्माणमा योगदान निर्माण प्रक्रिया र ऐतिहासिक पृष्ठभूमि जस्ता पक्ष खोज्न र खोतल्न जरुरी छ ।

## ५. कलामैत्री मौलिक पाठ्यक्रम

कलालाई साहित्य लेखनमा व्यापक रूपमा प्रवेश गराउनु आवश्यक छ । नेपालको स्थानीय तहको पाठ्यक्रमदेखि विश्वविद्यालयहरूका पाठ्यक्रममा पनि विधा क्षेत्र नै छुट्ट्याएर कला र कलाद्वारा निर्मित सामग्रीको परिचय बनोट प्रक्रिया, प्रयोगात्मक पक्ष र उत्पादन र उपयोगतर्फ ध्यान दिन जरुरी छ । ललितकलाको क्षेत्रमा निरन्तर लागि परेका

साधकहरूको खोजी गरी जीवनीलेखन उनीहरूले निर्माण गरेका वस्तुको ठाउँठाउँमा प्रदर्शनी आदि पक्षमा ध्यान दिनु जरुरी छ । यस्तो कर्मले हाम्रो रैथाने सिप संरक्षण र अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन टेवा पुग्दछ । देशभित्रै निर्माण भएका मकै छोडाउने मेसिन, बाँदर लखेट्ने यन्त्र, धान काट्ने मेसिन जस्ता कृषि क्षेत्रसँग सम्बन्धित औजारको उचित प्रचारप्रसार हाम्रा साहित्यका विधाहरूमार्फत् हुनुपर्दछ ।

एक प्रदेश अनेक हस्तकलाका सामग्रीहरूको उत्पादनअन्तर्गत जाति, संस्कार, पेसा आदि विषयको राम्रो अध्ययन गरी व्यवस्थित योजना बनाउन जरुरी रहेको छ । जसले नेपालको अर्थतन्त्रलाई बलियो बनाउन, उत्पादनमा आत्मनिर्भर बन्ने बाटो खोल्न सक्छ । लाखौँ युवाको परदेश यात्रालाई रोकी हजारौँ प्रकारका हस्तकला, चित्रकला, मूर्तिकलाका उत्पादन विदेश निर्यात गरी आय–आम्दानी र यश–कीर्ति दुवै आर्जन गर्न सकिन्छ । मूलतः हाम्रो समाजको सही चिनारी दिने साहित्य लेखनबाट यसलाई सहयोग पुर्‍याउन सकिन्छ । यसभित्र योगदानमा आधारित जीवनी लेखन अनि कला साहित्य लेखनले नै सीपको प्रचार गर्ने लक्ष्यपूर्ण पाठ्यक्रम, प्रयोगात्मक कक्षा र उत्पादनमुखी राष्ट्रिय योजना निर्माणमा सहयोग गर्न सक्छ ।

## ६. निष्कर्ष

प्रत्येक कलामा कलाकारको व्यक्ति पक्ष मात्र हुँदैन । यसले त सामाजिकताको सङ्केत र संवहन गरेको हुन्छ । कलाको आधारमा समाजको मूल्याङ्कन हुने भएकाले समाज कति सम्भव छ भन्ने कुरामा कलाकारको योगदानको अङ्क पनि मिश्रण गरिएको हुन्छ । मूलतः कतिपय कला भाषाविहीन भए पनि भाषाका माध्यमबाट व्याख्या विश्लेषण गर्न सकिने नै हुन्छ । त्यसैले कलाको भाषा सार्वभौम हुन पुगेको देखिन्छ । भाषिक कला अभौतिक भए पनि त्यसले भाव र वस्तुको सम्बन्धलाई स्थापित गरेको हुन्छ । व्यक्तिगत क्षमता र योग्यतालाई कलाले प्रकाश पारेको हुन्छ । कला जीवन निर्वाहको माध्यम मात्र नभएर सभ्यताको इतिहास बुझाउने वा प्रमाणित गर्ने तथ्य पनि हो । समाजको सुदीर्घ परम्परामा कलाले समाजलाई आत्मनिर्भर बनाउने र आत्मनिर्भर समाजको आफ्नै मौलिक पहिचान साहित्यमार्फत् लिखित वा मौखिक रूपमा प्रकटित हुने भएकाले पनि ललितकलाको पर्याय बनेको लोक भाषा र लोक साहित्य कालान्तरमा लिखित भाषा र साहित्यको रूपमा संरक्षित र सुरक्षित हुन्छ र हुनुपर्छ । यति मात्र नभएर प्रत्येक कलाकृति र कलाको इतिहास भाषामा लिखित हुने र साहित्यमा कलाको प्रतिविम्बन रहने हुनाले यसको दोहोरै सम्बन्ध स्वीकार गर्नै पर्छ ।

ललितकला समाजलाई चिनाउने प्रमाणहरूको समष्टि हो । समाजभित्रको आत्मनिर्भर पक्ष, समाजभित्रको ज्ञान र सीप बिचको अन्तर, समाजभित्रको उत्पादन सह–सम्बन्ध र राष्ट्रियस्तरमा सांस्कृतिक चेतको स्थितिको निर्धारक ललित वाङ्मय हुनसक्छ ।

कलाको उपयोगी प्रायोगिक पक्षलाई पाठ्यक्रम, पाठ्यपुस्तक र कक्षा शिक्षण तथा प्रयोगात्मक कक्षामा जोड्नुपर्छ । हाम्रो गौरवशाली संस्कृति, अद्वितीय ज्ञान र सीपको सुदीर्घ परम्परा जोगाउँदै स्वावलम्बी अर्थव्यवस्थाको निर्माणमा भिन्न–भिन्न बुझिएको समाज, कला र साहित्यलाई एकै ठाउँमा जोड्नु पर्दछ । यो सम्भव छ ।

## सन्दर्भ–सूची


आकृति (२०७६), वर्ष १९, अङ्क १

खत्री, विजय (२०७६), (सम्पा.) *साधना,* काठमाडौं : हस्तकला विभाग, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, छायादत्त (२०७४), बाँसैबाँस, काठमाडौं: अक्षरधाम प्रकाशन प्रा.लि. ।

पराजुली, कृष्णप्रसाद (२०४७), *नेपाली उखान र गाउँखाने कथा* दो.सं. काठमाडौं : रत्नपुस्तक भण्डार ।

प्रभात, विष्णु (२०७४), *प्रज्ञा संस्कृति कोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, ईश्वर (२०५५) (सम्पा.), *नेपाली साहित्य कोश* , काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, जनकलाल (२०१४), *ललितकला र साहित्य,* दार्जिलिङ : नेपाली साहित्य सम्मेलन ।

सिं, अशोकमान (२०६८), रङ, ललितपुर : रिड एण्ड राइट पब्लिसिङ्ग हाउस प्रा.लि. ।